ऐसेलुखर्क गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

ऐसेलुखर्क,खोटाङ

कोशी प्रदेश, नेपाल

प.सः ०८०/०८१

च.नः

मितिः- २०८०/१०/०३

## बृहत कृषि मेला प्रदर्शनी हुने सम्बन्धी सुचना !!

जी फाउण्डेसन र ऐसेलुखर्क गाउँपालिकाको आर्थिक सहयोग, प्रयास नेपाल र ऐसेलुखर्क गाउँपालिकाको संयुक्त आयोजनामा कृषि पेशालाई व्यावसायिक बनाउन प्रोत्साहन गर्ने उद्देश्यले मिति २०८० माघ ७ र ८ गतेका दिन **"ऐसेलुखर्कको समृद्धिको आधार, दिगो प्राङगारीक खेति हाम्रो पुर्वाधार"** भन्ने मुल नाराका साथ ऐसेलुखर्क-३ हटियाडाँडामा वृहत कृषि मेला प्रदशनी तपसिलको शर्तहरुको अधिनमा रहि संचालन गरिने भएको हुदाँ सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

१. कृषि उपज कृषक स्वयंले आफ्नो बालिको नाम सहित माघ ६ गते सम्म वडामा सुचीकृत गरी प्रदर्शनी स्थलमा माघ ७ गते बेलुका ४ बजे सम्म दर्ता गरि सक्नुपर्नेछ ।

२. वडा कार्यलयमा सुचीकृत गराउदा आफ्नो परिचय खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

३. कृषि प्रर्दशनीमा भागलिन ल्याउने कृषि उपजहरु अनिवार्य प्राङ्गारीक मल प्रयोग भएको हुनुपर्नेछ ।

४. कृषक आफैले उत्पादन गरेका कृषि बालिहरु मात्र प्रर्दशनिमा ल्याउनु पर्नेछ, अन्यथा बाहिरबाट मागेर वा किनेर ल्याएको ठहर भएमा वा उजुरी परेमा प्राप्त पुरस्कार फिर्ता गर्नुपर्नेछ ।

**बालिहरुको प्रर्दशनीमा :**

- जरासँगै ल्याउनु पर्ने बालिहरुः
  - तरकारी बाली तर्फ :- काउलि, बन्दा, ब्रोकाउली, रायो, मुला र गाँजर
  - मसला बाली तर्फ :- प्याज, लसुन र धनियाँ
- बोटसँगै ल्याउनु पर्ने बालिहरु :-
  - तरकारी बालि तर्फ :- गोलभेडा र आलु
  - मसला बाली तर्फ :- अदुवा र बेसार
  - फलफुल बाली तर्फ :- भुइकटहर
- भेट्नोसँगै ल्याउनु पर्ने बालिहरु :-
  - तरकारी बाली तर्फ :- फर्सि
- लहरा वा थाक्रासँगै ल्याउनु पर्ने बालिहरु :-
  - मसला बाली तर्फ :- मरिच
  - लहरे तथा कोसेबाली तर्फ :- चौमासे सिमि, घिउ सिमि, सेतो सिमि र केराउ
- हाँगासँगै ल्याउनु पर्ने बालिहरु :-
  - मसला बाली तर्फ :- अकबरे खुर्सानी

- घरीसँगै ल्याउनु पर्ने बालिहरु :-

  फलफुल बाली तर्फ :- केरा
- कन्दमुल बालीहरु (घरतरुल, जरेला, पिडालु, तरुल, सुठुनी, सिमलतरुल......)
- अन्यबालिहरु

५. कार्यक्रममा कुनै विवाद आएका आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ भने मुल्याङ्कनमा कुनै विवाद आएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

६. प्रर्दशनिमा ऐसेलुखर्क गाउँपालिका भित्रका किसानहरुले मात्र भागलिन पाउने छन् ।

७. बालि दर्ता गराई प्रर्दशनीमा सहभागि हुने किसानहरुलाई केही रकम आतेजाते खर्च स्वरुप प्रदान गरिनेछ ।

८. उत्कृट प्रत्येक बालि विधाहरुमा प्रथम, द्धितिय र तृतिय हुनेलाई क्रमशः रु ३०००, २५०० र २००० बराबरको नगद वा सामग्रीको साथमा प्रमाण-पत्र प्रदान गरिने छ ।

९. मेलामा सहभागी मध्ये उत्कृट १ महिला उद्यमी र १ महिला कृषक लाई रु ३०००/३००० नगद र प्रमाणपत्र प्रदान गरिने छ ।

१०. पुरस्कार वितरण २०८० माघ ८ गते १२:३० बजे बितरण गरिने छ ।

<u>थप जानकारीको लागि</u>

सम्पर्क व्याक्तिहरु :- कृषि मेला प्रर्दशनी संञ्चालक समिति संयोजक वडा नः ३ वडा अध्यक्ष टेकेन्द्र राजभण्डारी मो नः ९८६२९३४००५, गाउँपालिका कृषि शाखा प्रमुख प्रमोद कुमार राजभण्डारी मो नः ९८६२८५२२४७, सदस्य गाउँपालिका कृषि स्नातक श्याम यादव मो नः ९८६२३१०१४३, सदस्य जी फाउण्डेशन सहायक कृषि प्राविधिक थामसरी राई मो.नः ९८६३५३८९६६ र सदस्य प्रयास नेपाल कार्यक्रम अधिकृत राजकुमार रिजाल मो नः ९८४२९०६१८९

साथै सम्बन्धित वडाका कृषि प्राविधिक

2080/10/03

रामकाजी नेपाल
अधिकृतस्तर छैठौं